श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) (संशोधन सहित) नियमहरू, २०२० को दफा २ को उपदफा (१) (६) को प्रयोजनको लागि वाणिज्य बैंकहरूमा परिवर्त्य मुद्रामा खाता खोल्न ग्राह्य खातावालाले परिवर्त्य विदेशी मुद्रा निक्षेपबाट कुल जम्मा रकम प्रचलित विनिमय दरमा नेपाल राष्ट्र बैंकलाई समर्पण गरेमा ७० प्रतिशत रकमसम्मको परिवर्त्य विदेशी मुद्रा विदेश भ्रमण वा समुद्रपारबाट मालसामान आयात गर्न चाहेमा उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) (संशोधन सहित) नियमहरू, २०२० को नियम ८ को खण्ड (ग) को प्रयोजनको लागि देहायमा उल्लिखित विदेशी नागरिक वा संघ, संस्थाहरूले वाणिज्य बैङ्कमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने गरी तोकिदिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. अन्तर्राष्ट्रिय संघ, संस्था वा राजदूतावासमा कामकाज गरिरहेका विदेशी नागरिकहरू ।
२. भारतीय र भुटानी नागरिक तथा संघ, संस्थाबाहेक अन्य विदेशी नागरिक र संघ संस्था ।
३. नेपाल, भारत र भुटानबाहेक अरू देशमा बसोबास गरिरहेका भारतीय वा भुटानी नागरिकहरू ।

### सूचना ३

श्री ५ को सरकारले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी जनकपुर अञ्चलको दोलखा जिल्लाको लागि बागमती अञ्चल नाप तौल कार्यालयको उप-मुख्य निरीक्षकलाई र राप्ती अञ्चलस्थित रुकुम जिल्लाको चौरजहारी गा. पं. को लागि भेरी अञ्चल नाप तौल कार्यालयको निरीक्षकलाई उक्त ऐनको प्रयोजनको लागि अधिकारी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

## नेपाल राष्ट्र बैंकको सूचना

विदेशी विनिमय (नियमित गर्ने) (संशोधन सहित) नियमहरू, २०२० को नियम १० को प्रयोजनको लागि वाणिज्य बैङ्कहरूमा देहायमा उल्लिखित किसिमको परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सक्ने गरी तोकिदिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. चल्ती खाता २. मुद्दती खाता

मुद्दती खाता ३ महिने, ६ महिने, ९ महिने र १ वर्ष अवधिको लागि मात्र खोल्न सकिनेछ ।

गणेशबहादुर थापा
गभर्नर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222